# ३ उद्धारकर्ताको रुपमा परमेश्वर

*यस अध्यायको निम्ति पढ्नुहोस्:* रोमी १:१८, उत्पत्ति ३:१५, रोमी १६:२०, १ पत्रुस १:१९, मर्कूस १०:३२-४५, मत्ती २७:४६।

*स्मरण गर्नुपर्ने पदः* "त्यो मारिएको परमेश्वरको थुमा योग्यको हुनुहुन्छ ! शक्ति, ऐश्वर्य वा वैभव, बुध्दिज्ञान र बल पाउन उहाँ योग्यको हुनुहुन्छ। सम्मान वा आदर, महिमा वा यश र स्तुतिप्रशंसा पाउन आदर्णीय येशू योग्यको हुनुहुन्छ।" (प्रकाश ५:१२ रूपान्तरित)।

*यस अध्यायको मूल सारः* त्रीएक परमेश्वर हाम्रो केवल सृष्टकर्तामात्र हुनुहुन्न। उहाँ हाम्रो मुक्तिदाता अर्थात् उद्धारकर्ता पनि हुनुहुन्छ।

हो, परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुहुन्छ। तर उहाँ हाम्रो मुक्तिदाता अर्थात् उद्धारकर्ता पनि हुनुहुन्छ। पाप यति नराम्रो छ कि केवल सृष्टिकर्ता आफैले मात्र त्यसको समाधान गर्न सक्नुहुन्छ त्यसको लागि ख्रीष्ट येशूको व्यक्तित्वबाट उहाँले समाधान गर्नु भयो।

"कुनै बेला तिमीहरू परमेश्वरबाट टाडा थियौ। अब अहिले तिमीहरू ख्रीष्ट येशूको सम्पत्ति हुन पुगेका छौ। तिमीहरूको निम्ति उहाँले रगत बगाउनु भयो। तिमीहरू परमेश्वरको नजिक आओस् भनेर येशूले यो कार्य सुसम्पन गर्नुभयो।" (एफिसी २:१३ रूपान्तरित)। हामीहरूको धर्मकर्म, परोपकारीय क्रियाकलाप, चरित्रवाण वा गुणिलोको कारणले परमेश्वरको नजिक हामीलाई ल्याएका होइनौं। यस जीवनमा हामीले जे गरेतापनि हाम्रो अथक प्रयासले मुक्ति पाउँदैनौं। केवल परमेश्वरको अनुग्रहले मात्रै हामी पापी मानिसहरूलाई हाम्रो स्वामी येशूले मुक्ति दिन सक्नुहुन्छ र उहाँकै सक्षम् कार्यले मात्रै परमेश्वरको नजिक हामी हुनसक्दछौं। हामीहरूले पाउने पापको सजायँ ख्रीष्टले पाउनुभयो र परमेश्वरले त्यसलाई स्विकार गर्नुभयो। येशूको त्यस पुनित कार्यले गर्दा हामी कोहि पनि पापको सजाँय भोग्नु आवश्यकता पर्दैन। यहि नै मुक्तिको योजना हो।

कोरन्थीको चर्चलाई पावलले यो सजग गराउँदछन्: "जो अनन्त जीवनलाई नचुनेर हराउन चाहन्छन् र मृत्युलाई अंगाल्न रूचाइरहन्छन्, तिनीहरूको निम्ति क्रुस हास्यस्पद वा उपहासको समाचार हुन गइरहेको

हुन्छ। तर जसले जसले उद्धार वा मुक्ति पाएको अनुभूति गरिरहन्छन्, तिनीहरूको निम्ति क्रुस परमेश्वरको शक्ति हुन जान्छन्।" (१ कोरन्थी १:१८ रूपान्तरित)। यथार्थमा भन्ने हो भने साधारण मानविय सोचबिचारमा क्रुस हास्यस्पद बिषय हो: के रे सनातन परमेश्वर जो हाम्रो पवित्र सृष्टिकर्ता हुनुहुन्छ, खोटै खोटले भरिएको मानव आत्माको निम्ति बलि हुनुभयो रे ! फेर उहाँलाई पुज्ने वा उहाँका भक्तहरूको निम्ति मात्र होइन, उहाँका शत्रुहरूको निम्ति पनि क्रुसको बरबर यातनामा आफ्नो जीवन दिनुभयो रे ! ती मानिसहरूले पापको सजायँको सामना गर्नु नपरोस् भनेर त्यसको सजायँ आफैले भोग्नुभयो रे ! यो बुझ्न त्यत्ति सजिलो छैन, छ त? हो सृष्टिकर्ता परमेश्वरले हाम्रो निम्ति गर्नुभएको त्याग र बलि बुझ्न अत्यन्त कठिन छ। जब हामी बुझ्न सक्दैनौं तब उहाँको उपासक हुनुको बिकल्प हामी पाउँदैनौं।

## १. क्रुसमा सम्पन्न गर्नुभएको कार्य (रोमी ५:८)

रोमी ५:८मा भनिएको छ: "यसकारण उहाँको रगतले धर्मी ठहऱ्याइएको हुनाले झन बढि हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइनेछौं वा मुक्ति पाउनेछौं (रूपान्तरित)।

क्रुसमा परमेश्वरले बिजय पाउनुभएको छ र त्यस सैतान शत्रुलाई शर्ममा पार्नुभएको छ। त्यस पवित्र, पुनित र अचम्मको काममा परमेश्वरको प्रेम, न्याय र करूणा सम्मिलित भएकाछन्। पापको मोल आफैले तिर्नुभएर र महाकष्ट पाइ पापको सजायँलाई आफैले भोगेर परमेश्वरले पापीहरूलाई क्षमा दिने प्रावधान बनाउनुभएको छ। परमेश्वरबाट पाउने क्षमा खेलाँची वा हल्काको नभएर कत्तिको महँगो छ भनेर क्रुसले प्रदर्शन गर्दछ।

हामीहरूमा परमेश्वरको प्रेम जागोस् वा त्यसको सृजना होस् भनेर ख्रीष्ट क्रुसमा मर्नुभएन। अहँ, येशूले भन्नुभयो कि पिताको प्रेमकै कारण पापको क्षमा पाइएको हो, तर पाप क्षमा भएको परिणामले पिताले प्रेम गर्नुभएको होइन (यूहन्ना ३:१६, १७)। ख्रीष्ट हाम्रो निम्ति मर्नुभएको कारणले परमेश्वर पिताले हामीलाई प्रेम गर्नुभएको होइन। परमेश्वरले हामीलाई प्रेम गर्नुभएकै कारण हाम्रो निम्ति ख्रीष्ट मर्नुभयो। पाप, दुष्ट, खराब नियतको प्रदुषण रोज्ने तथा परमेश्वरलाई हेप्ने मानिसहरूलाई परमेश्वरले पनि वेवास्ता गर्ने मनाशिवको कुरा हो। तर त्यस्ता मानिसहरूमा परमेश्वरको प्रेमको ढोका खुलाउन ख्रीष्ट बलि

हुनुभएको थिएन। ख्रीष्टको मृत्युले नभएको प्रेमलाई ल्याइएको थिएन। बरू, परमेश्वरको प्रेम मानिसहरूमा निरन्तर छ भनेर देखाउन त्यो क्रुस एक अनुकरणीय उदाहरण भएर धरोहरको रूपमा खडा भएको छ। हामीलाई परमेश्वर पिताले प्रेम गरून् भनेर येशूले कहिलै उहाँलाई पुकार्नु भएको थिएन। येशूले औँल्याउन खोज्नुभएको यो सत्य कुरा देहायका पदहरूमा हेर्नुहोस्: यूहन्ना ३:१६,१७ र यूहन्ना १६:२६,२७।

तर दुःखपूर्ण कुरा त यो छ कि परमेश्वरको ज्ञानको बारेमा हामी धेरैले बिर्सिसकेकाछौं। जीवनचक्रको भुमरीमा परेर परमेश्वरको ज्ञानलाई हराइदिएकाछौं। हामीले परमेश्वरको खिलाफमा प्रेम गरेकाछौं। हामीहरूको हृदय यस्तो कठोर भइसकेको छ कि हामीले गर्ने दुष्कार्य वा हामीमा हुने दुष्ट नियतप्रति दुःखित हुन नै छोडेकाछौं। हाम्रो पापले परमेश्वरको मनमा कत्तीको चोट पुऱ्याइरहेकाछौं भन्ने आभास गुमिरहेकै कारणले हाम्रो हृदयमा कठोरताले अड्डा जमाएको हो। यसले गर्दा पाप कत्तिको खराब छ भनेर विश्वास गर्न पनि छोडेको हुन्छ। एक फेरा पापले गर्दा त्यसप्रति रिस उठ्ने बानी पनि हामीले गुमाउन छोडेका हुन्छौं। यसैले गर्दा पापले पवित्र परमेश्वरलाई कत्तिको रिस उठाउँदोरहेछ भन्ने आत्मज्ञानलाई बुझ्न पनि कठिन हुन जान्दछ।

परमेश्वरको क्रोधको बारेमा छलफल गर्न पावल हिचिकिचाएको देखिन्दैन। रोमी १:१८मा यस बिषयमा पावलले कसरी प्रस्तुत गरेकाछन्, हेर्नुहोस्?

पावलको कडा वक्तव्यले पापको प्रभाव कत्तिको गम्भिर छ भन्ने उनको लामो वाख्याले खुलाउँछ। पाप यत्तिको गम्भिर बिषय हो कि त्यसको बारेमा अर्को दुई अध्यायसम्म उनले छलफल गरेको हामी पाउँछौं (रोमी ३:२० सम्म)। हामीले गर्ने पापको युद्धसँग परमेश्वरले बिजय प्राप्त गर्नुभयो र पापले गर्दा परमेश्वरलाई कत्तिको चोट पुगेको छ भनेर सुसमाचारको शन्देशबाट सिक्नु अचम्मको कुरो हो। परमेश्वरले बिजय प्राप्त गर्नुभएको र उहाँले कष्ट भोग्नु भएकै कारणले पापी विश्वासीहरूलाई उहाँले गर्नुभएको प्रतिज्ञा पूरा गरिछोड्नुहुनेछ भन्ने कुरामा हामी ढुक्क हुनसक्दछौं। कमजोर भएर पाप र दुष्टतालाई स्विकार्ने परमेश्वरको प्रेमको नियत होइन तर तिनीहरूमाथि परमेश्वरले कत्तिको महान् बिजय प्राप्त गर्नुभयो भनेर क्रुसले प्रदर्शन गर्दछ। परमेश्वर प्रेम हुनुहुन्छ, त्यसले गर्दा नै उहाँका प्रियजनहरूलाई नाश गर्ने पाप र दुष्टताको उहाँले बिरोध गर्नुहुन्छ। पाप कत्तिको गम्भिर रहेछ

भनेर देखाउन त्यसको मोल क्रुसद्वारा परमेश्वरले क्रुसमा तिरीदिनु भयो। यो मोल परमेश्वरको ममतामयी प्रेमको उपज हो। परमेश्वरले पापीलाई प्रेम गर्नुहुन्छ तर पापलाई गम्भिर रूपमा लिनुहुन्छ भनेर जगतको सामु प्रदर्शन गर्न क्रुस निर्विकल्प चिरस्थायी स्मारक भएर खडाभएको छ।

तपाईंले आफ्नो जीवनमा पापलाई कसरी गम्भिर रूपमा लिइरहनुभएको छ? जब तपाईंले कुनै विषयलाई लिएर निर्णय गर्नुपर्ने हुन्छ त्यसबेला कुन तर्कलाई तपाईंले प्रयोग गर्नुहुन्छ?

## २. पुरानो करारमा सुसमाचार (उत्पत्ति ३:१५)

उत्पत्ति ३:१५ अनुसार मानिसको मुक्तिको निम्ति दिइएको प्रथम् वाचा वा प्रतिज्ञा कहिले हो? र यसको अर्थ के हो?

उत्पत्ति ३:१५मा यसरी लेखिएकोछः "तिम्रो र स्त्रीको बिचमा र तिम्रो सन्तान र स्त्रीको सन्तानको बिचमा म दुष्मनी हाली दिनेछु। त्यसले तिम्री शीर कुच्च्याउनेछ र त्यसले तिम्रो कुर्कुच्चो डस्नेछ।"

उपरोक्त पदमा प्रयोग गरिएको भाषा अत्यन्त प्रभावशाली छ। जब आदम र हवाले पाप गरे तब ख्रीष्ट र सैतानको बिचमा भएको युद्ध जगतको सामु प्रत्यक्ष रूपमा घोषणा गरियो। ख्रीष्ट र सैतानको बिचमा भएको बैमनष्यतालाई प्रस्तुत गर्न "शत्रुता" भन्ने कडा शव्द प्रयोग गरिएको छ। हो, येशू र सैतानको बिचमा शत्रुता छ। पापमा फसिएको मानव हृदयको निम्ति त्यो पद अत्यन्त महत्त्वपूर्ण प्रतिज्ञा हुनगएकोछ। ख्रीष्ट र सैतानको बिचमा भइरहेको संग्राम सदाको निम्ति होइन भनेर पनि त्यस पदले देखाउँदछ। किनभने येशू र सबैको त्यस परमशत्रु सैतानको शीर एकदिन कुच्चिनेछ। ख्रीष्ट र सैतानको बिचमा भइरहेको संग्राम कसरी अन्त हुनेछ भनेर पनि उपरोक्त पदले देखाउँदछ।

**उत्पत्ति ३:१५लाई पावलले अलकति पनि नहिचकिच्याइ त्यसलाई उदृध गर्न साहस गरेकाछन्। त्यस पदलाई पावलले रोमी १६:२०मा कसरी गाभिदिएकाछन्? पावलले के भन्न खोजिरहेकाछन्?**

बलि तथा त्यागको बारेमा अत्यन्त प्रभावकारी र गम्भिर कथा उत्पत्ति २२:१-१९मा मोसाले लेखेकाछन्। त्यस कथाबाट भविष्यमा ख्रीष्टले गर्ने बलिलाई कसरी औंल्याउँछन्?

त्यस कथामा अब्राहम र इसाहकको बिचमा “बुबा" र “बाबु अर्थात् छोरो" भनेर एक आपसलाई धेरै पटक सम्वोधन गरेको पाइन्छ। सँगसँगै पहाडमा बलिपूजा गर्न गएको पनि ख्याल गर्नुहोस्। छोरोले दाउरा बोक्छ भने बाबुले बलिको निम्ति चाहिने औजार बोक्दछन्, जुन् आगो र चुप्पी हुन्। अब्राहम भन्दा इसाहक जवान थिए र बलि चडाउने बेलामा सजिलैसँग भाग्न सक्दथ्ये। तर त्यस पहाडमा दुई अचम्मको घट्ना भएको पाउँछौँः बाबुले आफ्नो छोरोलाई त्याग गर्न राजी भएको र छोरोले पनि आफ्नो जीवन दिन राजी भएको।

उपरोक्त घट्ना, हाम्रो निम्ति ख्रीष्टले गर्नुहुने त्याग र बलिलाई औंल्याउने अत्यन्त शक्तिशाली उदाहरण भएर बाइबलका पानामा चम्किरहेकाछन्। त्यहाँ भएको दृष्य अत्यन्त मार्मिक र हृदयस्पर्सि छन्। जब कोहि पढ्दछन्, त्यो शक्तिशाली दृष्यलाई कसले बिर्सन सक्दछ र? तर सयौं वर्षपछि के हुनेछ भनेर देखाउने त्यो केवल पूर्वदर्शन मात्र थियो। त्यस पहाडमा जे भयो त्यो दृष्य प्रवल रूपमा दोहोरिनेछ भनेर देखाउने घट्ना थियो। सयौं बर्षपछि अर्को पिताले आफ्नो पुत्रलाई बलि चढाउनुहुनेछ। तर त्यस बखत पुत्रको सट्टामा बलि चढाइन कुनै पशु हुने छैन। फेरि पुत्र आफूखुशीले बलिको बेदिमा होमिन राजी हुनुभएको पाउँछौं। परमेश्वर पिताले आफ्नो पुत्रलाई यथार्थमा त्याग्न राजी हुनुभएको पाउँदछौं। अनि पुत्रले आफ्नो जीवन अर्पण गर्नुहुन्छ।

मुक्तिको योजना र पापले ध्वस्त पारि पतित भएको मानव जीवनलाई उकास्न वा राहत दिन कस्तो मोल तिर्नु हुनेछ र त्यसको लागि परमेश्वरले कुन कदम चाल्नुभयो वा चाल्नुहुनेछ भनेर संसारलाई देखाउन मोरियाको पहाडमा त्यो प्रभावकारी दृष्य घटेको थियो।

## ३. यशैयाको पुस्तकमा मुक्तिको योजना (यशैया ५३)

येशूको मृत्युको घट्ना र बौरि उठ्नुभयो रे भन्ने समाचारमा रणभुल्लमा परेका दुई जना चेलाहरू इम्मायुसको बाटोमा गइरहेका थिए। तिनीहरू येशूको बारेमा लिएर अत्यन्त उदास र नाराज भएका थिए। अलमलको भूमरीमा परिरहेका ती दुई जना चेलाहरूको साथमा येशू देखापर्नुभयो भन्ने कथा अत्यन्त रोचक र प्रख्यात छन्। मुक्तिको योजनाको बारेमा मोसा र सबै अगमबक्ताहरूले लेखेका

भविष्यवाणीहरूलाई येशूले तिनीहरूलाई औँल्याउनुभएको थियो (लूका २४:२७)। आफ्नो बलिको विषयमा बाइबल अध्ययन दिंदा येशूले कुन भविष्यवाणीहरू समावेश गर्नुभएको थियो होला?

निःसन्देह येशूले तोक्नु भएका अगमवक्ताहरूमा यशैया पनि हुनुपर्दछ।

**यशैया ५३मा बेदनाको भुमरीमा परेको सेवकको बारेमा वर्णन गरिएको छ। विस्तृत रूपमा वयान गरिएको त्यस अध्यायमा ख्रीष्टको महान् त्याग र बलिलाई पूर्णरूपमा बुझाउन त्यसले तपाईंलाई कसरी मद्दत गर्न सक्दछन्?**

यस अध्यायमा धेरै धेरै विषयवस्तुहरू छन्। तर एउटा विषयचाहिँ धरोहर भएर खडा भएको पाउँछौं। त्यो हो हाम्रो निम्ति बेदनाले पिडित हुनुभएको सेवक। गहिरिएर पढ्नुहोस्, ती पदहरूमा त्यस सेवकले अरूको पापको निम्ति मोल तिरीरहनुभएको छ। यो विषय बारम्बार त्यस अध्यायमा देखापर्दछन्। मुक्तिको योजनाको मुटु नै हाम्रो निम्ति ख्रीष्टको मृत्यु हो भनेर त्यस अध्यायले सिकाउँदछ। पापी भएको हैशियतले हामीले परमेश्वरका आज्ञा वा आचारसंहितालाई तोडेकाछौं, र परमेश्वरसँगको सम्वन्धलाई ठिक पार्न हामी केहि पनि गर्न सक्दैनौं। हामी र परमेश्वरको बिचमा भएको फाटोलाई हाम्रो कुनै पनि असल काम, धर्मकर्मले पूर्ण सक्दैन। क्रुसमा हाम्रो निम्ति येशूले तिर्नुभएको मोल र उहाँको पवित्र तथा सिद्ध जीवनले मात्र परमेश्वर र हाम्रो बिचमा पापले ल्याएको फाटोलाई जोड्न सक्दछ। उहाँको बलि र त्यागलाई विश्वासद्वारा ग्रहण गर्नुको बिकल्प छैन।

यदि हाम्रो धर्मकर्म, त्याग तपस्या, परोपकारीय काम, सामाजिक कल्याण कार्य, आत्मज्ञानमा निपुणता, धार्मिक चरित्र तथा गुणिलो व्यक्तित्वले परमेश्वरसँग मिल्न सकिन्छ भने येशूको मृत्युको औचित्य रहन्दैन। तर हाम्रो पापको मोल तिर्न उहाँको मृत्युको बिकल्प केहि नभएकोले नै उहाँ क्रुसको यातना सहेर मर्नुभएको थियो। हाम्रो अथक प्रयासबाट मुक्ति पाउँदैनौं र धर्मात्मा ठहरिन्दैनौं भन्ने सत्यता सिकाउने प्रमाण नै ख्रीष्टको मृत्यु हो। मुक्ति हामीले आर्जन गर्ने बिषय होइन तर परमेश्वरको अनुग्रहको बरदान हो।

**१ पत्रुस १:१९ र १ पत्रुस २:२१-२५ पढ्नुहोस्। हाम्रो निम्ति ख्रीष्टको त्याग र बलिलाई औँल्याउन पत्रुसले यशैया ५३लाई कसरी प्रयोग गर्छन्?**

बाइबलमा क्रुसको गहिरो तथा स्पष्ट व्याख्या यशैया ५३ अध्यायले गर्दछन्। हाम्रो निम्ति ख्रीष्टले प्रशव वेदनामात्र होइन अनन्त जीवनमा हामी जन्मन सकुन् भनेर उहाँ मरिरहनुभएको त्यस अध्यायले खुलासा गरिएको पाउँछौं। पापको निम्ति हामीले पाउने सुहाँउदो सजायँ उहाँ आफैले लिनुभएको वर्णन यशैया ५३ एक धरोहरको रूपमा खडा भइरहेको छ। (किन उहाँ हाम्रो सजायँ भोग्नुभयो त? ताकी उहाँले पाउने सम्मान हामीले पाउन् भनेर नै हो।)

ख्रीष्टको अन्तिम क्षणहरूमा भोग्नुभएको दृष्यलाई मनन गर्दै यशैया ५३ पढ्नुहोस्। त्यस ध्यान गर्ने प्रक्रियामा यो मनमा सोच्नुहोस्ः त्यस बेदना सहनुभएको व्यक्ति हाम्रो परमेश्वर, सृष्टिकर्ता र त्रीएक परमेश्वरमा एक हुनुहुन्छ। त्यस सत्यले भरिएको आत्मज्ञान पूर्ण रूपमा हामीले कहिले सिक्नसक्छौं होला र?

## ४. सुसमाचारका पुस्तकहरू र क्रुस (मर्कूस १०ः३२-४५)

मानिस भएर ख्रीष्ट यस संसारमा आउनु आफै पनि अलौकिक घट्ना थियो। उहाँले सिकाउनुभएको शिक्षा अत्यन्त गहिरो र सारगर्भित थिए। उहाँले मानवहितको निम्ति धेरै आश्चर्य कामहरू गर्नुभएको थियो। तर ती सबै क्रियाकलाप ख्रीष्टको जीवनको अत्यन्त महत्त्वपूर्ण केन्द्रविन्दु थिएन। बरू ख्रीष्टको सोचमा मानिसको निम्ति जीवन दिनु नै उहाँको मूल उद्देष्य थियो। क्रुस उहाँको केन्द्रविन्दु थियो। हो, येशूको अलौकिक रूपमा भएको जन्म र उहाँका अन्य कामहरू आश्चर्यमय नै छन्। तर येशूको जीवनको अति महान् मिशन वा काम नै उहाँको मृत्यु थियो।

येशूले आउनेवाला आफ्नो मृत्यको बारेमा आफ्ना चेलाहरूलाई सजग गराउन कोशिस गर्नुभएको विवरण चारवटा सुसमाचारका पुस्तकहरूमा पाउँछौं। तर तिनीहरूको येशूप्रतिको बफादारिता र यस संसारमा चक्रवर्ती राजाको आगमनको आशाले गर्दा येशूले जनाउ दिन खोज्नुभएको ज्ञानलाई ओझेलोमा पारेको थियो।

**आफ्नो मृत्युको बारेमा चेलाहरूलाई कसरी सचेत गराउनुभएको थियो? हेर्नुहोस् मर्कूस १०ः३२-४५। याकूब र यूहन्नाले येशूसँग के माग गरेका थिए? ती माग किन गलत थिए? त्यसको जवाफ येशूले कसरी दिनुभयो?**

खीष्टलाई पक्रेर यातना दिनु अगाडि आफ्ना चेलाहरूसँग बेलुकिपख उहाँले अखमिरी चाड मनाउनुभएको थियो। त्यसलाई प्रभुभोज भनिन्छ। त्यो आफ्ना चेलाहरूसँग अन्तिम भोजन गर्नुभएको थियो। प्रभु भोज सकेपछि येशूले उहाँ नआउँञ्जेल प्रभु भोज खाने रिति कायम राख्न आफ्ना चेलाहरूलाई निर्देशन दिनुभएको थियो। यो प्रभु भोजको बिधि येशू आफैले सुरू गर्नुभएको थियो। केवल यो मात्र विधि हो जुन् येशूले चर्चमा चलाउनु भनेर निर्देशन दिनुभएको थियो। यसले अलौकिक ढँगबाट येशू मानव अवतार लिएर आउनुभएको हो भनेर उहाँको जन्मको सम्मान गरेको देखाउँदैन। उहाँका अर्तिशिक्षा र प्रचारलाई पनि यसले औंल्याउँदैन। यो केवल येशूको मृत्युको सम्झनालाई आत्मसात् गर्ने बिधि हो। सबै कुरा भन्दा उहाँको मृत्युको सम्झनाले उच्च तथा प्रथम् प्राथमिकता पाउन् भन्ने येशूको चाहान थियो।

अभिषित व्यक्ति अर्थात् मसिहको क्रुसलाई चारै वटा सुसमाचारका पुस्तकहरूले औंल्याउँछन्। तर उहाँको अचम्मको अलौकिक जन्मको बृतान्त भने केवल मत्ती र लूकाले मात्र गरेकाछन्। उहाँको जन्मको बारेमा केवल ती सुसमाचारका दुई अध्यायहरूमा मात्र पुस्तकहरूमा उल्लेख गरिएको छ। मर्कूस र यूहन्नाले खीष्टको जन्मको बारेमा टिप्पणी पनि गरेको पाउँदैनौं। तर येशूको युवाअवस्थादेखि लिएरमात्र तिनीहरूले सुसमाचार सुरू गर्दछन्।

तर चारै सुसमाचारका लेखकहरूले येशूको जीवन र मृत्युको अन्तिम हप्तालाई केन्द्रित गरेकाछन्। यदि तपाईंहरूले सुसमाचारको पुस्तकहरू सरसर्ती पढ्नुभयो भने तिनीहरूमा उल्लेखित कथाहरूमा येशूको अन्तिम हप्ताको जीवन र मृत्युलाई झण्डै एक तिहाइदेखि आधा पुस्तकहरू ओगेटेको पाउँछौं। मानव जातको उद्धारको निम्ति क्रुसमा टाँगिएको परमेश्वरको पुत्रतिर प्रत्येक पाठकको ध्यान जाओस् भनेर ती सुसमाचारका लेखकहरूले अपेक्षा गरेको पाइन्छ।

तपाईंको आफ्नै जीवनको बारेमा समिक्षा गर्नुहोस्ः तपाईंका विगतका वर्षहरू, गलत काम वा निर्णयहरू, तपाईंका पाप तथा अधर्मी क्रियाकलापहरू। तपाईंका सबै अधर्म तथा पापलाई तपाईंको कुनै कामले मेटाउन सकिन्छ भनेर भित्री मनले भन्न सक्नुहुन्छ र? त्यसकारण, तपाईंको निम्ति खीष्टको मृत्यु तपाईंको जीवनमा अत्यन्त महत्त्वपूर्ण घट्ना भएर किन खडा भइरहेको छ त? त्यस बिना तपाईंको

जीवनमा केहि आशा छ त? अर्थात् हाम्रो जीवनमा ख्रीष्टबिना केहि अर्थ छ त?

## ५. क्रुसमा गरिएको चित्कार (मत्ती २७:४६)

क्रुसको मूल्यलाई अबमूल्यन गर्ने धारणाले येशूको त्याग र बलिदानलाई नाश गर्दछन्। हाम्रो आत्मिक जीवनमा क्रुसको मान्यतालाई ओझेलामा पार्न खोज्यौं भने यस संसारमा येशू आउनुभएको उद्देष्य नै निरर्थक बन्न जान्छ। परमेश्वरको बारेमा, बिषेश गरेर उहाँको त्यागको बारेमा, जे बोल्न खोजेतापनि त्यसले उहाँको न्यायोचित ढँगमा मूल्याङ्कन गर्न सक्दैनौं भनेर हामीले स्विकार गर्नैपर्छ। येशूको मृत्यु केवल निश्वार्थी प्रेमको अनुकरणीय उदाहरण हो भन्ने जस्ता तर्कलाई मान्दा येशूको क्रुसको मर्यादालाई घटाउन खोज्नु हो। मनमा खेलाउने यस्तो धारणाबाट हामी हरदम सचेत हुनुपर्दछ। निःसन्देश, उहाँको त्याग र बलि अनुकरणीय उदाहरण हुन्। तर हाम्रो पापको परिस्थितिलाई ध्यानमा राख्दा हामीलाई उद्धार गर्न निश्वार्थी प्रेमको उदाहरणले मात्र पुग्दैन। निश्वार्थी प्रेमभन्दा बेसी तत्वको आवश्यकता हुन्छ। बरू, परमेश्वरले हाम्रो निम्ति पापको सजायँ पूर्ण रूपमा आफैले भोग्नुभयो भन्ने विश्वासलाई आत्मसात् गर्न सक्षम् भयौं भने हामीले अनन्त जीवन प्राप्त भएको प्रत्याभूति पाउनेछौं।

क्रुसमा येशूले यो चित्कार गर्नुभएको थियोः “हे मेरा परमेश्वर, मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभयो?" (मत्ती २७:४६ रूपान्तरित)। येशूले व्यक्त गर्नुभएको यो चित्कारलाई हामीले कसरी बुझ्ने? येशूले के बेदना व्यक्त गरिरहनुभएको थियो? किन? हामीलाई पापबाट मुक्त गर्न कस्तो मोल चुकाउनु पर्ने रहेछ भनेर त्यस चित्कारले कसरी बुझाउन सहयोग गर्दछ?

“महिमाको परमेश्वर मृत्युको शैयामा हुनुभएको थियो। सैतानले वन्धक बनाएका सबै पापीहरूको मोल उहाँले तिर्नुभएको थियो..... हामी सबैमा थुपारिने पाप उहाँमा थुपारिएर हाम्रो सट्टामा उहाँ मर्नुभयो। उहाँ व्यवस्था भङ्ग गर्नेमा गनिनुभयो ताकि व्यवस्थालाई भङ्ग गर्दा हामीले पाउने सजायँबाट हामी छुटकारा पाउन्।......क्रुसको निर्मम यातना भोगिरहनुभएको बेलामा हाम्रो पापको बलि यथेष्ठ छ र त्यस बलिलाई परमेश्वरले स्विकार गर्नुहुन्छ वा हुँदैन भन्ने कुरा उहाँले हेर्नसक्नुभएको थिएन।....पाप यस्तो भयानक थियो कि त्यसले परमेश्वर पिता र उहाँको

बीचमा सदाको निम्ति बिछोड ल्याउने हो कि भन्ने डर उहाँमा थियो।....परमपिता परमेश्वरले ल्याउने पापको सजायँ हाम्रो बदलिमा येशूले भोग्नुभएको थियो। यो अवस्था पापले नै ल्याएको थियो। पापले गर्दा येशूले पिउनुपर्ने तितो कचौराले नै परमेश्वरको पुत्रको हृदय तोडिएको थियो। (त्यो चित्कार त्यसैको उपज थियो)।" एलेन जी ह्वाइट, *द डिजायर अभ एजेज्*, पृ. ७५२, ७५३बाट रूपान्तरित।

उहाँको चित्कारमा येशूले परमेश्वरलाई परमेश्वर भनेर सम्वोधन गर्नु भएको थियो। प्रायजसो उहाँले प्रार्थना गर्दा परमेश्वरलाई पिता भनेर सम्वोधन गर्नुहुन्थ्यो। उहाँले हामीलाई प्रेम गर्नुहुन्छ भनेर देखाउने उदाहरणमात्र भएर ख्रीष्टले क्रुसबाट त्यो चित्कार गर्नुभएको थिएन। अहँ, यो परमेश्वरले आफैलाई मृत्युमा सुम्पन्नु भएको थियो, ताकि हाम्रो भविष्य अनन्तको मृत्युमा गएर अन्त नहोस्। परमेश्वर आफै मृत्यु भोगिरहनुभएको थियो जसले गर्दा त्यस मृत्युलाई हामीले भोग्न आवश्यकता नहोस्। यदि ख्रीष्ट हाम्रो बदलि क्रुसमा नमर्नुभएको भए पापले ल्याउने हाम्रो मृत्यु उहाँले खपिरहनुभएको थियो।

जब क्रुसमा मृत्युको यातना भोगिरहनुभएको थियो त्यसबेला येशू ठूलो स्वरले चिच्च्याउनुभएको थियो भनेर तिनवटा सुसमाचारको पुस्तकले बताउँदछन्। त्यो चित्कार अझ हिब्रूको पुस्तकमा पनि वर्णन गरिएको पाउँछौं: “जब येशू यस संसारमा हुनुहुन्थ्यो, उहाँ प्रार्थना गर्नुहुन्थ्यो। बलिन्द्र आँशु झारेर ठूलो स्वरले उहाँले हाम्रो निम्ति प्रार्थना गर्नुहुन्थ्यो। मृत्युबाट बचाउन सक्ने परमेश्वरलाई उहाँले प्रार्थना गर्नुभएको थियो।" (हिब्रू ५:७ रूपान्तरित)। खिन्न अर्थात् निराश भएर येशूबाट निस्केको चित्कारयुक्त क्रन्दन बाइबलभरिमा अत्यन्त बेदनापूर्ण क्रन्दन मानिन्छ। क्रूसमा येशूले उच्चारण गर्नुभएको यो जस्तो चित्कारको बराबरी वाक्य सुसमाचारको कुनै पनि पुस्तकमा छैन।

## उपसंहार:

थप जानकारी: “ओहो, ख्रीष्ट यस संसारमा आउनुभएको उद्देष्य मेरो हृदयमा यसरी बलिरहेको छ कि त्यसलाई उच्चारण गर्न पनि मलाई मुश्किल भइरहेको अनुभव गरिरहेकोछु ! ....उहाँको बलिदानले गर्दा हाम्रो पापलाई धुने जस्तो महत्त्वपूर्ण विषयलाई कसरी वर्णन गर्ने त्यो मलाई थाहा नै छैन न त मेरो कलमबाट मैले कोर्न सकेको छु। मेरो अगाडि खडा भइरहेको उक्त बिषयवस्तुलाई अत्यन्त जोशिलो भएर

कसरी प्रस्तुत गर्ने त्यो मलाई थाहा छैन। मुक्तिको महान् योजनालाई विस्तृत रूपमा वाख्या गर्न कुनै पनि लवज अपूग हुनेभएकोले त्यसको बारेमा सोच्दा मेरो मन थरथरी काम्दछ। भाषाको जुन् शैली अपनाएतापनि मुक्तिको योजनालाई न्यायोचित ढँगमा वाख्या गर्न सकिन्दैन।"- एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेज,* बुक ३, पृ. ११५बाट रूपान्तरित।

"हाम्रो निम्ति येशूको असिमित दया, प्रेम, सदाशयता र बलिदानको बारेमा अत्यन्त गम्भिर भएर सोच्नु आवश्यक छ। हाम्रो प्रिय मुक्तिदाताको पवित्र चरित्रको बारेमा गहिरिएर सोच्नुपर्दछ।....जब हामी परमेश्वर र येशूको बारेमा गहिरो कुराहरू सोच्दछौं तब हाम्रो आस्था, बिश्वास र प्रेम उहाँमाथि बढ्दै जान्छन्। अनि हाम्रा प्रार्थनाहरू पनि परमेश्वरको सामु बढि से बढि स्वीकार्य हुन जान्छन्। आस्था र प्रेमलाई मिलाउँदै जाने भएकै कारण हाम्रो प्रार्थना उपलव्धी र अर्थमूलक हुन जान्छन्। त्यस्तो स्थानमा पुगेका व्यक्तित्वहरू आत्मज्ञानले भर्दै गइरहेको हुन्छ र तिनीहरूको हृदय न्यानो हुँदै गएको हुन्छ। उनीहरूको विश्वास येशूमा बलियो र अटल हुँदै जान्छन्। मुक्तिको लागि ख्रीष्टबाट परमेश्वरकहाँ आउने जोसुकै होस्, दैनिक जीवनमा उहाँको शक्तिको जीवित अनुभव तिनीहरूले पाउन सक्दछन्।"-एलेन जी ह्वाइट, *स्टेपस् टु क्राइस्ट,* पृ. ८९बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. पापीलाई अति प्रेम गर्ने र पापप्रति क्रुद्ध हुनुभएको परमेश्वरको चरित्रलाई बाइबलमा चित्रण गरिएकोछ। कतिपय इसाईहरूले आफूलाई मिल्ने वा नमिल्ने, वा मनपर्ने मननपर्ने परमेश्वरको स्वभावलाई टिपेका हुन्छन्। यो किन अनवाश्यक छ त? यथार्थमा भन्ने हो भने, पापीहरूप्रति परमेश्वरले प्रेम गर्ने मूल कारणले गर्दा नै पापप्रति उहाँ क्रुद्ध हुनुभएको थियो के हामीले असजिलो मान्नु पर्दछ र?

ख. परमेश्वरको प्रेम एक आर्कालाई गर्ने हाम्रो कमजोर मानविय प्रेम जस्तो होइन। परमेश्वरको प्रेम हाम्रोप्रति

कत्तिको गहिरो छ भनेर येशूको क्रियाकलापले कसरी देखाउँछन्?

ग. परमेश्वरको प्रेम र पवित्रता हाम्रो पापपूर्ण स्वभावको विरुद्धमा छन्। हाम्रो मुक्तिको मोल कत्ति महँगो रहेछ भनेर उपरोक्त आत्मज्ञानले हामीलाई कसरी अझ बढि सिकाउँदछ?

घ. उत्पत्ति २२ अध्यायमा उल्लेखित अब्राहम र इसाहकको कथा गहिरिएर सोच्नुहोस्। हाम्रो निम्ति ख्रीष्टले भोग्नु भएको त्याग र बलिलाई बुझाउन सहायता गर्ने अरू कुन् कुन् कुराहरू छन्? फेरि त्यसैवखत हामीले जानेका सबै कुराहरूले क्रुसमा हाम्रो निम्ति ख्रीष्टले गर्नुभएको बलिदानलाई वाख्या गर्न असफल नै किन हुनजान्छन्? कुनै पनि हाम्रा मानविय दर्शनले क्रुसमा गरिएको ख्रीष्टको बलिलाई न्यायोचित रूपमा वाख्या गर्नसक्दनौं।

**सारांशः** उत्पत्ति पुस्तकको सुरूका पानाहरूदेखि नै ख्रीष्टको मृत्यु क्रुसमा हुनेकुरालाई हामीलाई औंल्याउँछन् । हामीलाई अनन्तको मृत्युबाट बचाउन त्यस क्रुसमा पापीको मृत्यु उहाँले भोग्नुभएको थियो। ख्रीष्टको मृत्युलाई चित्रण गर्न बाइबलमा बिभिन्न शव्दचित्र र प्रतिकहरू प्रयोग गरिएकाछन्। तर ती सबैको केन्द्रविन्दु हाम्रो बदलिमा ख्रीष्ट मर्नुभएको घट्ना हो। यसलाई यशैया ५३ अध्याले स्पष्ट रूपमा वर्णन गरेकोछ। हाम्रा धर्मकर्म, असल चरित्र आदिले हामीलाई मुक्ति दिनसक्दैन भन्ने प्रमाण हामी खोज्न चाहन्छौं भने क्रुसमा आफै मर्नुभएको परमेश्वरलाई औंल्याउनुपर्दछ। कुनचाहिँ पापी मानिसले येशूको त्यो कार्यलाई संसोधन गर्न सक्दछन् र?